नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
(नेपाल सरकारद्वारा नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत स्थापित)
कृषि अनुसन्धान केन्द्र
पाख्रीवास, धनकुटा
नेपाल ।

पत्र संख्या : ०८३।८४
चलानी नं. : ९३

बोल पत्र आह्वानको सूचना

बोलपत्र आव्हानको सूचना नं. ARSP/01-2083/84
प्रथम पटक प्रकाशित मिति २०८३/०७/१७

१. Supply and Delivery for the Procurement of Poultry and Goat Ration (कुखुरा र बाख्रा रासन) खरिद कार्यको लागी आ.व २०८३/८४ को ठेक्का नं. ARS Pakhribas/NCB/Ration/01-2083/84 अन्तर्गत कुखुरा र बाख्रा राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायमा दर्ता भएका व्यक्ति, उत्पादक तथा योग्य आपूर्तिकर्ताहरुबाट कृषि अनुसन्धान केन्द्र, पाख्रीवास, धनकुटाले बोलपत्र आहवान गर्दछ।

२. खरिद गरिने राशनको किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

३. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक तथा योग्य आपूर्तिकर्ताले निवेदनको साथ बोलपत्र सम्बन्धि कागजातको दस्तुर रु.३०००/- फिर्ता नहुने गरी कृषि अनुसन्धान केन्द्र, पाख्रीवास, धनकुटाको नाममा रहेको माछापुछ्रे बैंक लिमिटेड, हिले शाखाको खाता नं. ०५००९९१४२६२०००१३ मा नगद जम्मा गरेको बैंक भोचर, प्यान/भ्याट प्रमाण पत्र प्रतिलिपि, व्यवसाय दर्ता प्रमाण पत्र प्रतिलिपि पेश गरि प्राप्त गर्न सक्नुहुनेछ ।

४. बोलपत्र सम्बन्धित कागजात खरिद गर्ने म्याद बोलपत्र आवहानको सुचना प्रकाशित भएको मिति देखि मिति २०८३/०८/०७ गते कार्यालय समय साँझ ४ बजे सम्म मात्र हुनेछ ।

५. रितपूर्वक सिलबन्दी गरिएको दरभाउपत्र सम्बन्धित कागजात यस कार्यालय कृषि अनुसन्धान केन्द्र, पाख्रीवास, धनकुटामा मिति २०८३/०८/०८ गते दिनको १२ बजे सम्ममा प्राप्त हुने गरी आफै वा हुलाक/कुरियर मार्फत पेश गरिसक्नु पर्नेछ । सो मिति र समय पश्चात प्राप्त भएको दरभाउ पत्र उपर कुनै पनि कारवाही हुनेछैन ।

६. शिलबन्दी दरभाउ पत्रसाथ यस कार्यालयको कोड नं. ३१२४१०६०१ उल्लेख गराई कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक धनकुटा शाखाको बैंक खाता नं. २०१०१००१०२०३०००० मा रु. ५३,०००/- (अक्षेरुपी त्रिपन्न हजार मात्र) नगदै जम्मा गरेको बैंक भोचर वा सो रकम बराबरको कुनै मान्यता प्राप्त आधिकारिक बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन तथा ठेक्का विवरण खुलेको दरभाउ पत्रका साथ जमानत पत्र पेश भएको हुनु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि ९० दिन भन्दा कम्तिमा पनि ३० दिन बढी वा कम्तिमा १२० दिन हुनु पर्नेछ ।

७. रितपुर्वक कार्यालयमा दर्ता भएका शिलबन्दी बोलपत्रहरु मिति २०८३/०८/०८ गते दिनको १ बजे बोलपत्र खोल्ने समिति लगायत अन्य आमन्त्रित प्रतिनिधिहरु तथा बोलपत्रदाताका प्रतिनिधिहरुको रोहबरमा यसै कार्यालयमा खोलिने छ । बोलपत्रदाताहरु वा निजका कुनै पनि प्रतिनिधिहरु उपस्थित नभएको खण्डमा बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

८. बोलपत्र दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगतै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१०. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बझनु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस कृषि अनुसन्धान केन्द्र, पाख्रीवास, धनकुटामा वा यस कार्यालयको इमेल arspakh@gmail.com वा ९८५२०५०२५२ मा सम्पर्क राख्न सकिनेछ ।

केन्द्र प्रमुख

पत्राचार : पोष्ट बक्स नं. २९, धरान, सुनसरी, नेपाल ।
फोन नं.: (+९७७) ०२६-४०५१०३, फ्याक्स-प्रमुख नं.: (+९७७) ०२६-४०५१११, प्रमुख निवास: (+९७७) ०२६-४०५१०२
Email: arspakh@gmail.com, Website: http://www.narc.gov.np

CamScanner